# जिल्ला विकास समितिको कार्यालय
# लघु उद्यम विकास कार्यक्रम, उद्यम विकास ईकाई, दोलखाको
## एक झलक:

**परिचय:**

लघु उद्यम विकास कार्यक्रम संयुक्त राष्ट्र संघिय विकास कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल सरकार उद्योग मन्त्रालयद्धारा सञ्चालन गरिएको कार्यक्रम हो । यो कार्यक्रम सन् १९९८ बाट पहिलो चरणमा विभिन्न १० वटा जिल्लाहरुमा सञ्चालन भएको थियो । कार्यक्रमको प्रभावकारीताको आधारमा सन् २००४ मा दोश्रो चरणमा विभिन्न जिल्लाहरुमा कार्यक्रम विस्तार गरी २५ वटा जिल्लामा यो कार्यक्रम विस्तार भएको थियो । लघु उद्यम विकास कार्यक्रम सन् २००८ वाट तेश्रो चरणमा विस्तार भै हाल ३६ जिल्लाहरुमा यो कार्यक्रम सञ्चालन भैरहेको छ ।

लघु उद्यम विकास कार्यक्रमले तेश्रो चरणमा कार्यक्रम सञ्चालन गर्दा जिल्लामा लघु उद्यम विकास कार्यक्रमको मोडलमा काम गर्ने व्यवसाय विकास सेवा प्रदायक संस्था (Business Development Service Providing organization, BDSPO) मार्फत कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरेको छ । दोलखा जिल्लामा कार्यक्रम सञ्चालन गर्ने क्रममा स्थानीय स्तरमा रहेको व्यवसाय विकास सेवा प्रदायक संस्था ग्रामिण उद्यम विकास केन्द्र, दोलखा छनौट भै कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

**रणनीतिहरु :**

**लघु उद्यम विकास कार्यकमको रणनीतिहरु निम्न अनुसार छन् :**

- लघु उद्यमलाई देशको अर्थ तन्त्रको औपचारिक क्षेत्रमा समावेश गराउनको लागी आवश्यक कानूनी तथा संस्थागत संयन्त्र तथा पुर्वाधारहरुको निर्माण गर्ने
- अति विपन्न वर्ग,महिला, दलित, आदिबासी जनजाती र पिछडिएको जनसमुदायलाइ लघु उद्यममा सहभागी हन प्रोत्साहन गर्ने
- स्रोत साधनको सम्भाव्यता, लक्षित समूहको माग र चाहना एवं बजारको मागमा आधारित भएर उपयुक्त उद्यम छनौट गर्न प्रोत्साहन गर्ने
- लघु उद्यमीहरुको क्षमता अभिबृद्धिको लागी सामाजिक परिचालन, उद्यमशिलता, व्यवस्थापकीय सीप विकास, उपयुक्त प्रविधिको प्रयोग, लघु वित्तमा पहुँच र बस्तु तथा सेवाको बजारीकरणका लागी आवश्यक सेवाहरु एकीकृत र क्रमबद्ध रुपमा उपलव्ध गराउने
- लघु उद्यमको संरक्षण र प्रवर्दन गर्नको लागि यस्ता उद्यमहरुलाई आवश्यक विभिन्न किसिमका सेवा, सविधधा तथा सहुलियतहरु प्रदान गर्ने वातावरणको सिर्जन गर्ने

**कार्यकमको लक्ष्य :**

गरीब विपन्न लक्षित परिवारहरुको आर्थिक तथा सामाजिक अवस्था सुधार गर्ने गरी गरीवी निवारण गर्ने ।

**कार्यक्रमको उद्देश्य:**

गरिव, युवा, महिला र सामाजिक रुपमा पछाडी परेकाहरुको लागि उद्यमी बनाउन अनुकूल नीति निर्माण गरी रोजगारीको अवसर विस्तार गर्ने ।

**लघु उद्यम विकास कार्यक्रमको कार्यक्रम कार्यान्वयन प्रकृया :**

**लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन प्रकृयाः**

**जिल्लामा सञ्चालन भएको कार्यक्रमहरुः**

- MEDEP/KiND:
- MEDEP/Regular:

**कार्यक्रमले समेटेको वजार केन्द्र तथा गाविसहरुः**

| क.स. | ग्रामिण वजार केन्द्र | समेटिएको गाविस | कैफियत |
|---|---|---|---|
| १ | वाघखोर | काटाकुटी, शैलुङ्गेश्वर, भुषाफेदा र दुधपोखरी | मेडेप/रेगुलर |
| २ | चरिकोट | वोच, शुस्पाक्षमावती, सुन्द्रवती, सुनखानी र भिनपा | मेडेप/रेगुलर |
| ३ | सिंगटी | लादुक, लामिडाँडा, लापिलाङ र वावरे | मेडेप/रेगुलर |
| ४ | साङ्वा | कालिन्चोक, खापाभागु, आलम्पु, विगु र चिलंखा | मेडेप/रेगुलर |
| ५ | जगत | गौरीशंकर, लामावगर, खारे र ओराङ | मेडेप/रेगुलर |
| ६ | मैनापोखरी | काब्रे, नाम्दु, मिर्गे र गैरीमुदी | मेडेप/रेगुलर |
| ७ | जिरी | जिरी, माली र शयामा | मेडेप/रेगुलर |
| ८ | लहरेमाने | ठुलोपातल र हांवा | मेडेप/काइन्ड |
| ९ | किर्नेटार | च्यामा, शहरे र मेलुङ | मेडेप/काइन्ड |
| १० | बाह्रविसे | भिरकोट, जफे र मालु | मेडेप/काइन्ड |

**जिल्लामा सञ्चालन भएका उद्यमहरुको मुख्य झलक**

**आलुको विउ संरक्षणका लागि रष्टिक घरको निर्माण**

दोलखा जिल्लाको लहरेमाने बजार केन्द्र अन्तर्गत हाँवा गा.वि.स.मा उत्पादन भएको आलु वालीको विकास तथा प्रवर्द्धन गर्नको लागि लघु उद्यम विकास कार्यक्रमको आयोजनामा आलु वाली विकास सम्वन्धि तालिम संचालन गरिएको थियो । तालिममा दुम्सिभ्फाङ् कृषि सहकारी सस्था लि.का २० जना सदस्यहरुको सहभागिता रहेको थियो । आलु उत्पादन भए पश्चात त्यसको बजारिकरणको लागि यस सहकारीले प्रमूख भुमिका खेल्दै आएको छ र अहिले लघु उद्यम विकास कार्यक्रम/खिम्ती छिमेक विकास आयोजनाको आर्थिक सहयोगमा विउ आलुको

व्यवस्थित तथा आधुनिक तरिकाबाट भण्डारण गर्नको लागि साझा सुविधा केन्द्रको रुपमा हाँवा-१, जोरमानेमा रष्टीक घरको निर्माण भएको छ । रष्टीक घर निर्माणका लागि प्राविधिक इष्टिमेट अनुसार कुल लगानी रु. ६,५८,७५०/- रहेको छ जस मध्ये रु. ४,५६,५००/- लघु उद्यम विकास कार्यक्रम/खिम्ती छिमेक विकास आयोजनाबाट सहयोग प्राप्त भएको छ भने बाँकी रकम सहकारीको तर्फबाट लगानी हुनेछ । यसरी निमार्ण गरिएको रष्टिक घरमा आगामी दिनहरुमा रासायनिक मल रहित (अर्गानीक) उत्पादन भएको विउ आलुको भण्डारण गरी बिक्रि वितरण गरिनेछ । रष्टिक घरमा भण्डारण गरिएको विउ आलु गुणस्तरीय हुने भएकाले उत्पादन पनि राम्रो दिनेछ । यस ठाँउको विउ आलुको विकास तथा प्रवर्धन गर्नको लागि आगामी दिनमा आलुको विँया (True potato seed,TPS) तथा पूर्व मूल विउ (Pre-basic seed, PBS) को प्रयोग गरी उन्नत जातको आलुको विउ उत्पादन गर्ने योजना सहकारीको रहेको छ । यसका यसकालागि आलु विकास कार्यक्रम खुमलटार सँग समन्वय भैरहेको छ ।

## सामुहिक माछा पालन उद्यमको स्थापनाः

सिंगटी बजार केन्द्र अन्तर्गतको खोपाचागुं गा.वि.स.मा साझा सुविधा केन्द्रको रुपमा पांचवटा पोखरीमा माछापालन लघु उद्यमी समुह मार्फत सामुहिक माछापालन शुरु हुने भएको छ । लघु उद्यम विकास कार्यक्रम प्रत्यक्ष सहयोग कार्यक्रम अन्तर्गत स्थापना भएको यस साझा सुविधा केन्द स्थापना गर्नका लागि लघु उद्यम विकास कार्यक्रम बाट रु. १,७०,०००/- उपलब्ध गराईएको छ भने बाँकी रकम समूहको तर्फबाट बेहोरिएका् छ । हाल तयारी पोखरीमा सामुहिक रुपमा माछापालन भईरहेको छ ।

**खोपाचागुमा निर्माण गर्न लागी रहेको माछापोखरी**

## नेपाली कागज उत्पादन उद्यमको स्थापनाः

दोलखा जिल्लाको लहरेमाने वजार केन्द्र अन्तरगत हावा गाविस वडा नं. १ मा गठन भएको कालीदेवी लघु उद्यमी समुहले लघु उद्यम विकास कार्यक्रम/खिम्ती छिमेक विकास आयोजनाको प्रत्यक्ष सहयोग कार्यक्रम अन्तर्गत नेपाली कागज उत्पादन गर्ने उद्यमको स्थापना गरी स्थानीय स्तरमा नै कागज उत्पादन गर्ने कार्य गर्दै आएको छ । स्थानिय स्तरमा उपलब्ध हुने लोक्ता तथा अर्गेली लाई प्रशोधन गरी कागज उत्पादन गरिएको छ । उद्यममा ९ जना महिला तथा २ जना पुरुष गरी ११ जना उद्यमीहरु रहेका छन् । स्थानीय स्तरमा रहृका सामुदायिक वन उपभोक्ताहरुले उद्यमको लागि आवश्यक कच्चा पदार्थ उपलब्ध गराउने प्रतिवद्धता जनाएका छन् भने श्रोतको कमी नहोस भनेर सामुदायिक वन तथा नीजि क्षेत्रमामा अर्गेली रोपणको काम पनि भइरहेछ । यस उद्योग घरेलु तथा साना उद्योग विकास समितिको कार्यलय दोलखामा दर्ता ***हाँवा गाविस मा उत्पादन गरिएको नेपाली कागज***

भएको छ ।

## बेकरी उद्यमको स्थापनाः

रामेछाप जिल्लाको खिम्ती प्रभावित वेताली गाविसमा २०६६ साल भाद्र महिना देखि लघु उद्यम विकास कार्यक्रम/खिम्ती छिमेक विकास आयोजनाको सहयोगमा साझा सुविधा केन्द्र अन्तरगत बेकरी उद्यमको स्थापना भएको छ । उद्यममा २ जना महिला तथा ३ जना पुरुष गरी ५ जनाको सहभागिता रहेको छ । उद्यमवाट उत्पादित उत्पादन स्थानीय वजार, विद्यालय तथा आसपासका रस्नालु, नमाडि गाविसमा विक्री भैरहेको छ । स्थानीय वजारमा वेकरी सामानको माग दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको छ । उद्यमवाट दैनिक ३००० देखी ५००० सम्मको वेकरीका सामान विक्री भैरहेको र माग अनुसार उत्पादन गर्न सकेको छैन । माग अनुसारको उत्पादन गर्न सके उद्यमीहरुको आम्दानी अझ बढ्ने अवस्था रहेको जानकारी उद्यमी श्री हर्क वहादुर भुजेलले दिनुभएको छ । ***वेतालीमा सञ्चालन भएको वेकरी उद्यम***

## फुल तथा नर्रसरी व्यवसायः

दोलखा जिल्लाको चरिकोट बजार केन्द्र अन्तर्गत भिमेश्वर नगरपालीका वडा नं १ मा परिक्षणको रुपमा करुणमय पुष्प नर्सरी स्थापना गरी सामुहिक फुल खेती तथा नर्सरी  व्यवशाय को सुरुवात गरिएको छ । यो पुष्प नर्सरीमा ६ जना विपन्न महिलाहरु संलग्न छन् । लघु उद्यम विकास कार्यक्रमले यस उद्योगलाई रु ५०,००० सहयोग गरेको छ । जिल्ला कृषि विकास कार्यलयले बिउ बिजन आपुर्ति गर्ने प्रतिबद्धता जनाएको छ ।

## ढाका बुनाई उद्यम स्थापनाः

रामेछाप जिल्लाको बेताली वजार केन्द्रको वेतालीमा लघु उद्यम विकास कार्यक्रम /खिम्ती छिमेक विकास आयोजनाको सहयोगमा ३ महिने ढाका बुनाई तालिम सञ्चालन पश्चात उद्यमीहरुले सामुहिक रुपमा ढाका उद्यमको स्थापना गरेका छन् । हाल यस उद्यममा ७ जना महिला उद्यमीहरुले विभिन्न डिजाइनका ढाकाका सल, टोपी, मफलर, पछ्यौरा, आदि बनाउने गरेका छन् । उद्यम स्थापना पश्चात स्थानिय स्तरमा नै बेरोजगार महिलाहरुले रोजगारीको अवसर प्राप्त गरेका छन् । उद्यम स्थापना पश्चात हाल स्थानीय स्तरमा नै उत्पादीत सामान विक्री भैरहेको जानकारी उद्यमीहरुले दिएका छन् । यसै गरी हावा गाविसमा ढाका वुनाई सम्वन्धी उद्यम स्थापनाका स्थापना भै सञ्चालन आएको छ ।          ***वेतालीमा सञ्चालन भएको ढाका उद्यम***

## चिलंखा गाविसका महिलाहरु अल्लो उद्योग संचालन गर्न थाले

चिलंखा गाविस दोलखा जिल्लाको दुर्गम गाविस हो । अन्य गाविसको जस्तै यहाको मुख्य पेशा कृषि हो । यस गाविसको झाप्राघारी र चेलम्फु सामुदायिक वनका उपभोक्ता दिदी बहिनीहरुलाई लघु उद्यम विकास कार्यक्रमले अल्लो संकलन गराई त्यसबाट धागो निकाली कपडा बुन्ने तालिम दिएको छ । मेशिन औजार किन्न लघु उद्यम विकास कार्यक्रम र  चिलंखा गांउ विकास समितिले सहयोग गरेको छ । सामुदायिक वन उपभोक्ता समुहले अल्लो संकलनमा समुहले तोकेको राजस्व मिनाह गरेको छ । छिमेकीहरुले अल्लो धागो निकाल्ने र कपडा बुन्ने केन्दलाई कारखाना भन्ने गर्दछन् । सामुदायिक वन उपभोक्ता समूह सदस्यले संकलन गरि ल्याएको अल्लो धागो कात्ने उद्यमीहरुले खरिद गर्दछन् । उनिहरुले अ आफ्नो घरमा कारखानाको रुपमा चर्खा राखेका छन् । त्यस्ता धागो निकाल्ने उद्यमी १२ जन महिला छन् । त्याहा धागो निकाल्ने कार्य हुन्छ । यस कार्यलाई घरका अन्य सदस्यले पनि सघाउंछन् । उत्पादित धागो चिलंखा गाविस वडा नंबर १ स्याखुमा रहेको कपडा बुन्ने कारखानामा बिक्री गरिन्छ । त्यस कारखानामा ६ जना महिलाहरु काम गर्नुहुन्छ ।

## मिर्गे तथा गैह्रिमुदीमा लप्सी उद्योग संचालन

दोलखा जिल्लामा लप्सीको खेती नीजि स्तरमा बढदै गएको छ । बढिमात्रामा मिर्गे, गैह्रीमुदी, नाम्दु, सिंगटी क्षेत्रमा खेतिको बिस्तार गरिएको छ । करिब ७०० रोपनी क्षेत्रफलमा ३५०० बोटहरु हुर्काईएको अनुमान गरिएको छ । लघु उद्यम विकास कार्यक्रमले उद्यमशिलता र सिप विकास तालिम, मेशिन औजार सहयोग, बजार समन्वय, अवलोकन भ्रमण आदि कार्यमा सहयोग पुर्याएको छ । हाल सेती देवी लघु उद्यमी समूहले मिर्गे ५ मा १० जना र काली देवी लघु उद्यमी समूहले गैहमुदी ७ मा १० जना गरी जम्मा २० जना उद्यमीहरु लप्सी प्रशोधन कार्यमा संलग्न छन् । यी दुवै उद्यम ले यस वर्ष १।१ टन भन्दा बढी लप्सी संकलन गरी चकलेट, क्याण्डी, माडा आदि उत्पादन तथा बिक्री कार्यमा संलग्न छन ।

**कार्यक्रमको खर्च विवरण:**

लघु उद्यम बिकास कार्यक्रम अन्तर्गत जनवरी-डिसेम्वर २०१० (१६ पौष २०६६- १५ २०६७) मा जिल्ला उद्यम विकास समिति तथा लघु उद्यम विकास कार्यक्रम वाट भएको खर्चको विवरण निम्न अनुसार रहेको छ ।

| **क.स** | **खर्च शिर्षक** | **जम्मा रकम** |
|---|---|---|
| १ | साझा सुबिधा केन्द्र स्थापना | ४६,००,००० |
| २ | उद्यमशिलता क्षमता विकास | १५,३५,००० |
| ३ | प्राविधिक सिप विकास | २६,२७,००० |
| ४ | अन्य (लक्षित वर्ग पहिचान तथा सहभागितात्मक ग्रामिण लेखा जोखा) | २,७५,००० |
| | प्रशासनिक खर्च | २६,५०,००० |
| | **जम्मा** | **१,१६,८७,०००** |

## सर्म्पक

**फोन नं : ९७७–०४९–४२१५९०, ४२१८७९**

**Website:** www.medep.org.np